# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा अनुगमन शाखा*

**प्रदेश स्वास्थ्य सेवाका अधिकृत सातौं र आठौं तहका पदहरूको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना नं. २२०/०८०-८१**

**प्रकाशन मितिः २०८०/११/१४**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ।

विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

**विवरण**

| क्र. सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **प्रथम पत्र** | **द्वितीय पत्र** |
| १. | २५६/०८०-८१ | ७ | स्वास्थ्य/हेल्थ एजुकेशन/स्वास्थ्य शिक्षा अधिकृत | प्रदेश | अ.त. | १ | **परीक्षा मिति र समय पछि प्रकाशन गरिने छ।** | |
| २. | २५७/०८०-८१ | ७ | | प्रदेश | खुला | ३ | | |
| ३. | २५८/०८०-८१ | ७ | | प्रदेश | महिला | २ | | |
| ४. | २५९/०८०-८१ | ७ | | प्रदेश | आ.ज. | २ | | |
| ५. | २६०/०८०-८१ | ७ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन/जनस्वास्थ्य अधिकृत | प्रदेश | अ.त. | १ | | |
| ६. | २६१/०८०-८१ | ७ | | प्रदेश | खुला | ४ | | |
| ७. | २६२/०८०-८१ | ७ | | प्रदेश | महिला | १ | | |
| ८. | २६३/०८०-८१ | ७ | | प्रदेश | आ.ज. | २ | | |
| ९. | २६४/०८०-८१ | ७ | स्वास्थ्य/विविध/बायोमेडिकल/बायोमेडिकल इन्जिनियर | प्रदेश | खुला | १ | | |
| १०. | २६५/०८०-८१ | ७ | स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे./मेडिकल ल्याब टेक्नोलोजिष्ट | प्रदेश | अ.त. | १ | | |
| ११. | २६६/०८०-८१ | ७ | | प्रदेश | खुला | २ | | |
| १२. | २६७/०८०-८१ | ७ | | प्रदेश | महिला | १ | | |
| १३. | २६८/०८०-८१ | ७ | | प्रदेश | आ.ज. | १ | | |
| १४. | २६९/०८०-८१ | ७ | | प्रदेश | दलित | १ | | |
| १५. | २७०/०८०-८१ | ७ | स्वास्थ्य/फिजियोथेरापी/फिजियोथेरापिष्ट | प्रदेश | खुला | २ | | |
| १६. | २७१/०८०-८१ | ७ | | प्रदेश | महिला | १ | | |

| क्र. सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १७. | २७२/०८०-८१ | ७ | स्वास्थ्य/जनरल नर्सिङ/नर्सिङ अधिकृत | प्रदेश | अ.त. | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिने छ। | |
| १८. | २७३/०८०-८१ | ७ | | प्रदेश | खुला | ३ | | |
| १९. | २७४/०८०-८१ | ७ | | प्रदेश | महिला | १ | | |
| २०. | २७५/०८०-८१ | ७ | | प्रदेश | आ.ज. | १ | | |
| २१. | २७६/०८०-८१ | ७ | | प्रदेश | दलित | १ | | |
| २२. | २७७/०८०-८१ | ७ | स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी टेक्नोलोजिष्ट | प्रदेश | अ.त. | १ | | |
| २३. | २७८/०८०-८१ | ७ | | प्रदेश | खुला | ३ | | |
| २४. | २७९/०८०-८१ | ७ | | प्रदेश | महिला | १ | | |
| २५. | २८०/०८०-८१ | ७ | | प्रदेश | आ.ज. | १ | | |
| २६. | २८१/०८०-८१ | ७ | स्वास्थ्य/मे.ल्या.टे./मेडिकल माइक्रोबायोलोजी/माइक्रोबायोलोजिष्ट | प्रदेश | खुला | २ | | |
| २७. | २८२/०८०-८१ | ७ | | प्रदेश | महिला | १ | | |
| २८. | २८३/०८०-८१ | ८ | स्वास्थ्य/ज.हे.स./मेडिकल अधिकृत | प्रदेश | खुला | ४० | | |
| २९. | २८४/०८०-८१ | ८ | | प्रदेश | महिला | १२ | | |
| ३०. | २८५/०८०-८१ | ८ | | प्रदेश | आ.ज. | ११ | | |
| ३१. | २८६/०८०-८१ | ८ | | प्रदेश | दलित | ३ | | |
| ३२. | २८७/०८०-८१ | ८ | | प्रदेश | थारू | २ | | |
| ३३. | २८८/०८०-८१ | ८ | | प्रदेश | मधेसी | १ | | |
| ३४. | २८९/०८०-८१ | ८ | | प्रदेश | अपाङ्ग | १ | | |
| ३५. | २९०/०८०-८१ | ८ | | प्रदेश | पि.क्षे. | १ | | |
| ३६. | २९१/०८०-८१ | ८ | | प्रदेश | अल्प. सं. | १ | | |
| ३७. | २९२/०८०-८१ | ८ | स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेण्टल/डेण्टल सर्जन | प्रदेश | खुला | ४ | | |
| ३८. | २९३/०८०-८१ | ८ | | प्रदेश | महिला | २ | | |
| ३९. | २९४/०८०-८१ | ८ | | प्रदेश | आ.ज. | २ | | |
| ४०. | २९५/०८०-८१ | ८ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद/आयुर्वेद चिकित्सक | प्रदेश | खुला | ६ | | |
| ४१. | २९६/०८०-८१ | ८ | | प्रदेश | महिला | २ | | |
| ४२. | २९७/०८०-८१ | ८ | | प्रदेश | आ.ज. | २ | | |
| ४३. | २९८/०८०-८१ | ८ | | प्रदेश | दलित | १ | | |
| ४४. | २९९/०८०-८१ | ८ | स्वास्थ्य/होमियोप्याथी/ होमियोप्याथी चिकित्सक | प्रदेश | खुला | १ | | |
| **कुल जम्मा** | | | | | | **१३४** | | |

१. **परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता। (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।)

२. **परीक्षा केन्द्रः-** हेटौंडा।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०८०/१२/०४ गते र दोब्बर दस्तुर तिरी २०८०/१२/११ गतेसम्म।

| | | |
|---|---|---|
| ४. | **उम्मेदवारको उमेरको हदः** | • २०८०/१२/०४ गतेसम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको। (महिलाको हकमा ४० वर्ष ननाघेको।)<br>• स्थायी बहालवाला कर्मचारीहरूको हकमा उमेर हक लाग्ने छैन्। |
| ५. | **दरखास्त दस्तुरः-** | क. रु.१,२००\|- (एक हजार दुई सय रुपैंया)।<br>ख. प्रत्येक थप समावेशी समूह/पत्रको लागि रु.६००\|- (छ सय रुपैयाँ) थप दस्तुर लाग्नेछ। |
| ६. | **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | • दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोवार सङ्केत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएका बैङ्कबाट नगद बुझाउन सकिनेछ।<br>• दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् बैङ्क भौचर सिर्जित भैसकेपछि Connect IPS मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। |
| ७. | **दरखास्त दस्तुर बुझाउने अवधिः** | ढिलोमा **मिति २०८०/१२/११ गतेसम्म** तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ। |
| ८. | **अपलोड गर्ने कागजातहरूः** | उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता/नविकरण भएको प्रमाण लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ। |
| ९. | **अन्तर्वार्ता मिति र स्थानः-** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ। |
| १०. | **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी। |
| ११. | **तलबः-** | प्रचलित कानून बमोजिम। |

## अन्तरतह सम्बन्धी व्यवस्था

- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को (६) बमोजिम अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनीको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

## आवश्यक न्यूनतम योग्यता

१. **स्वास्थ्य/हेल्थ एजुकेशन/स्वास्थ्य शिक्षा अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातक उपाधि प्राप्त र सम्बन्धित व्यवसायीक परिषद मा दर्ता/नविकरण भएको हुनुपर्ने छ।

२. **स्वास्थ्य/हेल्थ इन्सपेक्सन/जनस्वास्थ्य अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त।

३. **स्वास्थ्य/विविध/बायोमेडिकल/बायोमेडिकल इन्जिनियरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ वा मेडिकल इलोक्टोनिक इन्जिनियरिङ विषयमा स्नातक उपाधि प्राप्त।

४. **स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे./मेडिकल ल्याब टेक्नोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त।

५. **स्वास्थ्य/फिजियोथेरापी/फिजियोथेरापिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा स्नातक उपाधि प्राप्त।

६. **स्वास्थ्य/जनरल नर्सिङ/नर्सिङ अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातक उपाधि प्राप्त।

७. **स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी टेक्नोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफिम विषयमा स्नातक उपाधि प्राप्त।

८. **स्वास्थ्य/मे.ल्या.टे./मेडिकल माइक्रोबायोलोजी/माइक्रोबायोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजी विषयमा स्नातक उपाधि प्राप्त।

९. **स्वास्थ्य/ज.हे.स./मेडिकल अधिकृत (आठौं):** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरहको उपाधि प्राप्त।

१०. **स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेण्टल/डेण्टल सर्जन (आठौं):** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त।

११. **स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद/आयुर्वेद चिकित्सक (आठौं):** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा स्नातक उपाधि प्राप्त

१२. **स्वास्थ्य/होमियोप्याथी/ होमियोप्याथी चिकित्सक (आठौं):** मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथी विषयमा स्नातक उपाधि प्राप्त

## उम्मेदवारले पेस गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः

अन्तरतह, खुला तथा समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने अन्तिम मिति भित्र नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूले पेस गर्नु पर्ने थप कागजातहरूः

१. **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातीको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरूको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट आदिवासी/जनजाति भएको भनी प्रमाणित गराएको कागजात**।

२. **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट दलित भएको भनी प्रमाणित गराएको कागजात**।

३. **थारुका हकमाः** सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट थारु भएको भनी प्रमाणित गराएको कागजात**।

४. **मधेसीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट मधेसी भएको भनी प्रमाणित गराएको कागजात**।

५. **अपाङ्गका हकमाः** समाज कल्याण परिषद् बाट जारी भएको अपाङ्ग परिचय पत्र वा अपाङ्ग भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको वर्गिकरणको उल्लेख गरी सम्बन्धित स्थानीयतहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

६. **पिछडिएको क्षेत्रका हकमाः** बागमती प्रदेशको रुवी भ्याली गाउँपालिका (धादिङ), पाँचपोखरी थाङपाल गाउँपालिका (सिन्धुपाल्चोक), घ्याङ्लेख गाउँपालिका (सिन्धुली), नौकुण्ड गाउँपालिका (रसुवा) र कैलाश गाउँपालिका (मकवानपुर) मा स्थायी बसोबास गरेको भनी हालसालै सम्बन्धित तहको प्रमुखबाट प्रमाणित गराएको कागजात।

**द्रष्टव्यः**

(क) **<u>अल्पसङ्ख्यक समुदाय</u>**बाट पदपूर्ति गर्ने गरी छुट्याइएका पदहरूको विज्ञापनको दरखास्त फाराम अल्पसङ्ख्यक समुदाय तोकिएपछि दरखास्त खुलाइनेछ।

(ख) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ग) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा झुटा विवरण पेश गरेको पाइएमा दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(ङ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नु पर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(छ) सम्बन्धित पदको लागि निर्धारित शैक्षिक योग्यता दरखास्त दिने अन्तिम मितिभित्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

(ज) दरखास्त पेस गर्दा स्वयम् उम्मेदवारले गरेको दस्तखतको नमूना पेस गर्नु पर्नेछ। प्रवेश पत्रमा भएको दस्तखत र लिखित परीक्षाको समयमा गरिने दस्तखत फरक परेमा उक्त परीक्षार्थीलाई परीक्षाबाट निष्काशन गर्न गरिनेछ।

(झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) दरखास्त दिने अन्तिम मितिसम्ममा आफ्नो सेवा, समूहसँग सम्बन्धित परिषद्मा दर्ता/नविकरण भएको र म्याद कायम रहेको हुनुपर्नेछ।

(ट) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) **<u>बमोजिम विशेष सुविधा (आरक्षण) सेवा अवधि भरमा अधिकृतस्तरको पदमा एक पटक मात्र उपयोग गर्न पाइनेछ।</u>**

(ठ) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ बमोजिम **<u>समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाइनेछैन।</u>**

(ड) वस्तुगत बहुउत्तर उत्तरपुस्तिकामा प्रश्नसेट (कि) उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ।

(ढ) खण्डगत वा प्रश्न नम्बर अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा उत्तर दिनु पर्ने भएमा सोही अनुसार गर्नु पर्नेछ।

(ण) पाठ्यक्रम आयोगको वेवसाइट ppsc.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।